# किस्पाङ गाउँपालिकाको आर्थिक ऐन, २०८१

गाउँ सभाबाट स्विकृत मितिः २०८१।०३।१०

किस्पाङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

न्यौपाने

## किस्पाङ गाउँपालिकाको आर्थिक ऐन , २०८१

किस्पाङ गाउँपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल

प्रस्तावनाः किस्पाङ.गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम किस्पाङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्ररम्भः**

(१) यस विद्येयकको नाम : **"आर्थिक विधेयक, २०८१"** रहेको छ ।

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखी किस्पाङ गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. सम्पत्ती करः** किस्पाङ गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) वमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाइनेछ ।

**३. भूमि कर (मालपोत)** : किस्पाङ गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) वमोजिम भूमि कर (मालपोत) लगाइनेछ ।

**४. घर बहाल करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल तथा पुन प्रयोगिय र प्रचलित कानूनले निषेध गरिएको जडिबुटी तथा जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत ( अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

**७. सवारी साधन सेवा दस्तुरः**

गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम स्थानीय सेवा शुल्क लाग्नेछ तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूचि(८) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१०. पार्किङ शुल्क गाउँपालिकाः** क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. ट्रेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्कः** ट्रेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि(१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट (अनुसूचि १२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई गाउँसभाको निर्णय विना कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१५. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

अनुसूची-१

(दफा १ संग सम्बन्धित)

सम्पत्ति करको दर

| क्रम | करयोग्य सम्पत्तिको मुल्य | सम्पत्ति करको दर बार्षिक रु. | कैफियत |
|---|---|---|---|
| १ | ५ लाख रुपैया सम्म | ३० ।- | |
| २ | ५ लाख देखि १० लाख सम्म | ६० ।- | |
| ३ | १० लाख एक रुपैया देखी १५ लाख सम्म | १५० ।- | |
| ४ | १५ लाख १ रुपैया देखि २०लाख सम्म | २०० ।- | |
| ५ | २० लाख एक रुपैया देखि २५ लाख सम्म | ३०० ।- | |
| ६ | २५ लाख १ रुपैया देखि ३० लाख सम्म | ५०० ।- | |
| ७ | ३० लाख १ देखि ४० लाख सम्म | ७०० ।- | |
| ८ | ४० लाख १ देखि ५० लाख सम्म | ११०० ।- | |
| ९ | ५० लाख १ देखि १ करोड सम्म | १५०० ।- | |
| १० | १ करोड १ रुपैया देखि १ करोड पचास लाख सम्म | ५५०० ।- | |
| ११ | एक करोड पचास लाख एक रुपैया देखि २ करोड सम्म | ९००० ।- | |
| १२ | २ करोड भन्दा माथि | १२००० | |
| | | | |
| | | | |
| | | | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

# अनुसूचि २

## (दफा २ सँग सम्बन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घर करको दर

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

**सम्पत्ती कर, भूमिकर/मालपोत (घरको वर्गीकरण सहित) कर**

| क्र.सं | घरको किसिम | आ.व. २०८०।०८१ का लागि प्रस्तावित राजस्व दर | |
|---|---|---|---|
| | | आवासीय प्रयोजन | व्यवसायिक प्रयोजन |
| १ | ढुङ्गा माटोको जोडाइ टिनको घर | ५० | |
| २ | ढुङ्गा माटोको जोडाई २/३ तले टिन वा ढुङ्गाको छानो भएको बारतली सहितको घर | १०० | |
| ३ | ढुङ्गा माटो सहित सिमेन्टले प्लाष्टर गरेको घर | १५० | ५०० |
| ४ | पिलर बिम सहितको टिनले छाएको बिना ढलानको घर | १५० | १००० |
| ५ | पिलर बिम सहितको ढलान गरिएको घर | ५०० | २००० |

**मालपोत कर:** व्यसायिक क्षेत्रको जग्गा प्रति रोपनी रु. २००  र आवासिय क्षेत्रको जग्गा प्रति रोपनी रु. १०० कृषि क्षेत्रको जग्गा  प्रति रोपनी रु. २५ कर लाग्नेछ ।

गाउँपालिका क्षेत्र भित्र रहेका आयोजनाहरुले अधिकरण गरी आयोजनाको नाममा राखेको जग्गाको कर  (जुनसुकै समूहमा भएपनि) प्रति रोपनी रु २०० लाग्नेछ । बिलम्ब शुल्क (जरिवाना) १० प्रतिशत प्रतिबर्ष थप गरी लिइनेछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

## अनुसूचि ३
**(दफा ३ सँग सम्बन्धित )**

**घर बहाल कर**

क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशत घर बहाल रकम तिर्नुपर्नेछ ।

## अनुसूचि ४
**(दफा ४ सँग सम्बन्धित)**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसाय करको दर

| क्र.सं. | व्यवसाय | दर्ता(वार्षिक) | नवीकरण (वार्षिक) | कैफियत |
|---|---|---|---|---|
| १ | ज्वलरी सुन चाँदी पसल | १००० | ५०० | - |
| २ | सुन चाँदी जलप लगाएका गरगहना वेचविखन | १००० | ५०० | - |
| ३ | भिडियो क्यामेरा | १००० | ५०० | - |
| ४ | इलेक्ट्रिक सामानको पसल(घडी, रेडियो, टि.भी.मोवाइल मर्मत) | १००० | ५०० | - |
| ५ | भाँडा पसल | १००० | ५०० | - |
| ६ | हार्डवयेर | २००० | १००० | - |
| ७ | इन्धन विक्रि पसल | १००० | ५०० | - |
| ८ | फर्निचर शो रुम | १००० | ५०० | - |
| ९ | खाद्यन्न किनारा पसल थोक विक्रेता | १००० | ५०० | - |
| १० | खाद्यन्न किनारा पसल खुद्रा विक्रेता | १००० | ५०० | - |
| ११ | फलफूल पसल (तरकारी) | १००० | ५०० | - |
| १२ | गेष्ट हाउस | १००० | ५०० | - |
| १३ | होम स्टे व्यक्तिगत/सामूहिक | १००० | ५०० | - |
| १४ | स्टेशनरी | १००० | ५०० | - |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १५ | वित्तीय बैंक (नेपाल सरकारको स्वामित्व वाहेक) प्रतिवर्ष, सेवा संचालन बापत स्थानीय शुल्क | - | - | ५५००० |
| १६ | फाइनान्स तथा लघु वित्त प्रतिवर्ष, सेवा संचालन बापत स्थानीय शुल्क | - | - | १५००० |
| १७ | बहुउद्देश्यीय सहकारी—ऋण, वचत प्रति लाख, सेवा संचालन बापत स्थानीय शुल्क | १००० | ५०० | - |
| १८ | कृषि सहकारी प्रति लाख, सेवा संचालन बापत स्थानीय शुल्क | ५० | - | - |
| १९ | विमा कम्पनी प्रतिवर्ष, सेवा संचालन बापत स्थानीय शुल्क | - | - | २००० |
| २० | औषधी पसल | १००० | ५०० | - |
| २१ | दाँत बनाउँने | १००० | ५०० | - |
| २२ | कम्प्युटर प्रशिक्षण तथा तालिम | १००० | ५०० | - |
| २३ | व्युटि पार्लर, | १००० | ५०० | - |
| २४ | निजी क्षेत्रका विद्यालय मा.वि. तह प्रतिवर्ष, सेवा संचालन बापत स्थानीय शुल्क | - | - | ८००० |
| | निजि क्षेत्रका विद्यालय आधारभुत तह प्रतिबर्ष, सेवा संचालन बापत स्थानीय शुल्क | - | - | ५००० |
| २५ | सवारी साधन मर्मत | १००० | ५०० | - |
| २६ | फोटो स्टुडियो | १००० | ५०० | - |
| २७ | गै.स.सं. प्रतिवर्ष, सेवा संचालन बापत स्थानीय शुल्क | - | - | ५००० |
| २८ | अन्तराष्ट्रिय गै.स.सं., सेवा संचालन बापत स्थानीय शुल्क | - | - | १०००० |
| २९ | मासु पसल | १००० | ५०० | - |
| ३० | पिकनिक पार्क स्पोर्ट(प्रति पटक) | - | - | ५०० |
| ३१ | 'घ' वर्गको ठेक्का इजाजत | २०००० | १०००० | - |
| ३२ | कपडा पसल | १००० | ५०० | - |
| ३३ | सूचीकार टेलर्स | १००० | ५०० | - |
| ३४ | घुम्ती पसल स्थानीय ५०० प्रति महिना<br>घुम्ती पसल बाह्य १००० प्रति महिना | १०० | ५० | - |
| ३५ | जुत्ता चप्पल विक्री पसल | १००० | ५०० | - |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल थामाङ
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३६ | राइस मिल कुटानी पीसानी सिग्गल फेज रु १००० र त्रिपल फेज रु २००० | १००० | ५०० | |
| ३७ | ज्योतिष पसल | १००० | ५०० | |
| ३८ | सवारी साधन दर्ता(स्कुटर, मो.सा., अन्य चार पाङ्ग्रे) | १००० | ५०० | - |
| ३९ | नीजी कार जीप | १००० | ५०० | - |
| ४० | ट्याक्टर | १००० | ५०० | - |
| ४१ | निजी मिनीवस, ट्राभल बस | १००० | ५०० | - |
| ४२ | रेमिटयान्स सेवा | | | १००० |
| ४३ | उर्जामूलक उद्योग(जलस्रोत, वायू, सौर्यउर्जा, कोइला तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय), सेवा संचालन बापत स्थानीय शुल्क | - | - | ५०० |
| ४४ | कृषि वन पैदावारमा आधारित उद्योग व्यवसायमा, सेवा संचालन बापत स्थानीय शुल्क | १००० | ५०० | ५०० |
| ४५ | पर्यटन उद्योग(आवास, होटल, ट्राभलएजेन्सी पदयात्रा, ग्लाइडिङ ), सेवा संचालन बापत स्थानीय शुल्क | १००० | ५०० | ५०० |
| ४६ | साइनवोर्ड बनाउने पेन्टिङ सेवा | १००० | ५०० | - |
| ४७ | खोटो विक्रेता | १००० | ५०० | ५०० |
| ४८ | समान ढुवानीकर्ता तथा कम्पनी | - | - | १००० |
| ४९ | सैलुन | १००० | ५०० | २५० |
| ५० | पान पसल | १००० | ५०० | २५० |
| ५१ | बटन सप (धागो, टाँक, जिपर) | १००० | ५०० | |
| ५२ | गिफ्ट तथा कस्मेटिक पसल | १००० | ५०० | |
| ५३ | कामदार राखि व्यवसाय गर्ने | | | |
| ५४ | ग्याँस सिलिण्डर विक्रेता | १००० | ५०० | - |
| ५५ | अटोमेकानिक्स तथा इन्जिनियरिङ वस, टेक्टर,मोटरसाइकल, आदिको पार्टस विक्री तथा मर्मत | १००० | ५०० | - |
| ५६ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | १००० | ५०० | - |
| ५७ | पशु आहार उद्योग फिड्स | १००० | ५०० | - |

किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय काहुले, नुवाकोट बागमती प्रदेश, नेपाल

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरबल तामाङ
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ५८ | पाउरोटी, वरफ, विस्कुट तथा दालमोठ उद्योग | १००० | ५०० | - |
| ५९ | डेरी उद्योग | १००० | ५०० | - |
| ६० | जादु, सरकश, चटकआदिमा मासिक | १००० | ५०० | ५०० |
| ६१ | अण्डा विक्री | १००० | ५०० | - |
| ६२ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा वेतवाँसका समान विक्री पसल | १००० | ५०० | - |
| ६३ | कुखुरा १००० देखि माथि पोल्टी फर्म | १५०० | ७५० | - |
| | कुखुरा १००० वटासम्म पोल्टी फर्म | १००० | ५०० | - |
| ६४ | मेटलको भाडा बनाउने व्यवसाय | १००० | ५०० | - |
| ६५ | केवुल, ईन्टरनेट प्रशारण | ३००० | २००० | |
| ६६ | फोटोकपी, फ्याक्स लेमिनेशन,व्याण्डीङस,कुरियर | १००० | ५०० | - |
| ६७ | कम्प्युटर, ड्राइभिङ तथा अन्य इन्स्टीच्युट | १००० | ५०० | - |
| ६८ | छापाखाना तथा कपी किताव उद्योग प्रतिवर्ष | १००० | ५०० | - |
| ६९ | रासायनिक मल वीउ विजन किटनाशक औषधी विक्री | १००० | ५०० | - |
| ७० | कवाडी व्यवसाय | १००० | ५०० | - |
| ७१ | मोविल ,ग्रीज बिक्री | १००० | ५०० | - |
| ७२ | भेटनरी सेवा | १००० | ५०० | - |
| ७३ | चिया पसल | १००० | ५०० | - |
| ७४ | सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन, थिएटर, संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा प्रति टिकट रु. | - | - | ५ |
| ७५ | जादु, सरकश, चटक आदिमा प्रतिदिन | - | - | ५० |

**नोटः** माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा **रु १०००। देखि रु १०,०००।** सम्म कर लिन सकिनेछ ।

नवीकरण आर्थिक वर्षको पौष मसान्त सम्म गर्नुपर्ने छ । नवीकरण समयअवधिमा नगरेमा माघ देखि चैत्र सम्म १० प्रतिशत, बैशाख देखी अषाढ सम्म **१५ प्रतिशत** र अर्को आर्थिक वर्ष देखी ५० प्रतिशत जरिवाना लाग्नेछ। महिलाको नाममा व्यवसाय दर्ता गर्दा दर्ता शुल्कमा **२५ प्रतिशत** छुट दिइनेछ । "घ" बर्गको इजाजत पत्रको नवीकरणको हकमा सो संग सम्बन्धित प्रचलित ऐन बमोजिम हुनेछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

## अनुसूचि ५
## (दफा ५ सँग सम्बन्धित )

गाउँपालिकाको कार्यपालिकाको कार्यालय काइले, नुवाकोट बागमती प्रदेश, नेपाल

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिबुटी, कवाडी र जीवजन्तु करको दरः

गाउँपालिका क्षेत्रभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायका न्यूनतम र अधिकतम कर दर सीमाभित्र र लगाइने करः

| क्र.स. | नाम | इकाइ | दर (न्युनतम) | कैफियत |
|---|---|---|---|---|
| १ | ऊन | प्रति केजी | रु १ | |
| २ | खोटो | प्रति के जी | रु १ | |
| ३ | वनकस (खर), बाबियो, पराल, निगालो लोक्ता, अम्रिसो | १५० सेफ्टी | रु ५०० | |
| ४ | सिसौ, साल(चट्टा, गोलिया, चिरान) | प्रति ट्रक | रु १००० | |
| ५ | अन्य काठ (चट्टा, गोलिया, चिरान ) | प्रति ट्रक | रु ५०० | |
| ६ | पत्थर कोइला | प्रति केजि | रु १ | |
| ७ | मिनरल वाटर | प्रति बोटल | रु १ | |
| ८ | गाई/भैंसी गाउँपालिकाबाट वाहिर निकासी हुँदा | प्रति भैंसी | रु ५०० | |
| ९ | खसी, बोका, | प्रति गोटा | रु. १०० | |
| १० | पंछीहरु कुखुरा कालिज निकासी कर | प्रति गोटा | रु.१० | |
| ११ | बंगुर /बँदेल | प्रति गोटा | रु.५०० | |
| १२ | परम्परागत उत्पादन तथा हस्तकला सम्बन्धि सामग्री | प्रति गोटा | रु.१० | |
| १३ | स्थानीय मदिरा | प्रति लिटर | रु.१० | |

स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग गर्ने देहाय बमोजिमका वस्तुमा देहाय वमोजिमको न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही गाउँसभाले तोकेको उत्पादन स्थलमा वा संकलन केन्द्रमा उठाइने करः

| क्र स | नाम | इकाइ | दर (न्युनतम) | कैफियत |
|---|---|---|---|---|
| १ | खाली सिसी (वियर) | प्रति मिनी ट्रक | रु १००० | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरव[illegible]
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | खाली सिसी (मदिरा र अन्य) | प्रति मिनी ट्रक | रु १००० | |
| ३ | प्लाष्टिक (बोटल), भाडाँकुडाँ, पुराना, जुत्ता, चप्पल, ग्यालिन र जर्किन | प्रति मिनी ट्रक | रु १००० | |
| ४ | खाली बोरा(प्लाष्टिकको बोरा) | प्रति मिनी ट्रक | रु १००० | |
| ५ | जुटको बोरा | प्रति मिनी ट्रक | रु १००० | |

प्रशोधन गरी पुनः प्रयोग हुन सक्ने देहाय बमोजिमका कवाडी मालसामानहरुमा देहाय बमोजिमका न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही गाउँ सभाले तोके बमोजिमको दरमा तोके बमोजिमको कार्यविधी अनुरुप उठाइने कर:

| क्र.स. | नाम | इकाई | दर (न्युनतम) | कैफियत |
|---|---|---|---|---|
| १ | झिण्डु (प्राकृतिक र कृत्रिम ऊनका टुका) | प्रति मिनी ट्रक | रु २००० | |
| २ | गार्मेन्टको कपडाको टुक्रा | प्रति मिनी ट्रक | रु.२००० | |
| ३ | कार्पेटको टुक्रा | प्रति मिनी ट्रक | रु २००० | |
| ४ | जुट र प्लाष्टिकको बोरा | प्रति मिनी ट्रक | रु.२००० | |
| ५ | टायर ट्युब | प्रति मिनी ट्रक | रु २००० | |
| ६ | पुरानो टिन, ड्रम | प्रति मिनी ट्रक | रु.२००० | |
| ७ | पुराना कागज | प्रति मिनी ट्रक | रु २००० | |
| ८ | पत्रिका | प्रति मिनी ट्रक | रु.२००० | |
| ९ | अन्य कागज | प्रति मिनी ट्रक | रु २००० | |
| १० | **धातुका टुक्रा** | | | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरबल तामाङ
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | फलाम,सिलवर | प्रति मिनी ट्रक | रु २००० | |
| | पित्तल, तामा र अन्य | प्रति मिनी ट्रक | रु.२००० | |
| ११ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति मिनी ट्रक | रु २००० | |
| १२ | पोलिथिन पाइपका टुक्राहरु | प्रति मिनी ट्रक | रु.२००० | |
| १३ | सिसाका टुक्रा वा धुलो | प्रति मिनी ट्रक | रु २००० | |
| १४ | काँचको धुलो र टुक्रा | प्रति मिनी ट्रक | रु.२००० | |
| १५ | **प्रचलित कानूनले निषेधित बाहेकका मरेका वा मारिएका पशुकाः** | | | |
| | हाड | प्रति के.जी. | रु ४ | |
| | सिङ | प्रति के.जी. | रु ५ | |
| | खुर | प्रति के.जी. | रु ५ | |
| | छाला (ठूलो) | प्रति के.जी. | रु २२ | |
| | छाला (सानो) | प्रति के.जी. | रु १५ | |

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काइले, नुवाकोट
बागमती प्रदेश, नेपाल

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

## अनुसूचि ६
### (दफा ६ सँग सम्बन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी साधनको रुट अनुमतिको दर गाउँपालिका क्षेत्रभित्र नियमित चल्ने सवारी साधन बार्षिक सेवा शुल्क र व्यवसायिक रुपमा आंशिक रुपमा चल्ने ।

| क्र.सं. | बिवरण | बार्षिक दर रु | यदि मासिक तिरेमा |
|---|---|---|---|
| १ | ट्रक | ५००० | ५०० |
| २ | बस | ५००० | ५०० |
| ३ | जीप | ५००० | ५०० |
| ४ | ट्याक्टर ठुलो | २५०० | २५० |
| ५ | ट्याक्टर सानो | २००० | २०० |

## अनुसूचि ७
### (दफा ७ सँग सम्बन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

विज्ञापन कर

| सि नं | विवरण | रकम (रुपैयाँमा) |
|---|---|---|
| १ | गाडीमा सामान वोकी विज्ञापन गर्ने (प्रतिपटक) | ५०० |
| २ | स्टल राखी विज्ञापन गर्ने (प्रतिदिन) | १०० |
| ३ | कन्सर्ट (प्रतिपटक) | ५०० |
| ४ | तुल व्यानर राखी विज्ञापन—प्रतिपटक | ५०० |
| ५ | वाल पेन्ट विज्ञापन प्रति वर्ग फिट | १० |
| ६ | ग्लो साइनवोर्ड प्रति वर्ग फिट | १०० |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

गाउँ कित्पाङ गाउँपालिका
गाउँपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

## अनुसूचि ८
## (दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल विटौरी करको दर

**बहाल विटौरी**

क) गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटवजार र सार्वजनिक स्थल ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु १० देखि रु २५ सम्म वार्षिक बहाल विटौरी लिइनेछ । बन क्षेत्रमा पर्ने व्यवसाय/पसललाई पनि जनाउँनेछ ।

## अनुसूचि ९
## (दफा ९ सँग सम्बन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ्ग शुल्क को दर

**पार्किङ्ग शुल्कः**

गाउँपालिकाले आफुले तोकेको कार,जीपको सुरक्षित पार्किङ्ग गर्दा लाग्ने कार तथा जीपमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बढीमा सय रुपैयाँ सम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ । अन्यसवारी साधनहरुका लागि गाउँपालिकाले व्यवस्था गरेका क्षेत्रहरुमा पार्किङ्ग समयको आधारमा बढीमा **पचास रुपैयाँ** सम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

## अनुसूचि १०
## (दफा १० सँग सम्वन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने ट्रेकिङ्ग क्यानोइङ्ग, बन्जि जम्पिङ्ग, जिपफ्लायर शुल्क को दर न्यूनतम रु १००० देखि अधिकतम रु ५००० सम्म कर लगाउन सकिनेछ ।

पर्यटक आवास, होटेल, प्यारागलाइडिङ्ग, पदयात्रा, रेष्टुरेण्ट, ट्राभल्स एजेन्सी, अश्वरोहण, मोटेल आदिको व्यावसायमा लाग्ने कर न्यूनतम रु १०० अधिकतम रु ५००० सम्म हुनेछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

**अनुसूचि ११**
**(दफा ११ सँग सम्वन्धित )**

किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट
बागमती प्रदेश, नेपाल

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क, दस्तुरको दर

**सेवा शुल्क तथा दस्तुर**

गाउँपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेको स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट देहाय वमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

| सि नं | विवरण | दररेट (रुपैयाँमा) | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस (वडा मुचुल्का दस्तुर) | १००० | |
| २ | ब्याक हु लोडर भाडा प्रति घण्टा | ३००० | तेल सहित |
| ३ | घर कायम सिफारिस | १००० | |
| ४ | छात्रबृत्ति सिफारिस | निशुल्क | |
| | | १००० विदेश प्रयोजन | |
| ५ | विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिस | निशुल्क | |
| ६ | अपांग सिफरिस | निशुल्क | |
| ७ | अस्थायी बसोवास सिफारिस | ५०० | |
| ८ | स्थायी वसोवास सिफारिस | १००० | |
| ९ | नागरिकता सिफारिस | निशुल्क | संशोधित/प्रति लिपि लिने |
| | प्रतिलिपि सिफारिस झुत्रो | १०० | |
| | प्रतिलिपि सिफारिस हराएको | २०० | |
| | नागरिकता फर्म | ५० | |
| १० | अंगिकृत नागरिकता सिफारिस | २००० | |
| ११ | वैदेशिक प्रयोजनका लागि विभिन्न सिफारिस | ५०० | प्रति पन्ना |
| १२ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १५०० | |
| १३ | विद्युत जडान सिफारिस | १०० | |
| १४ | धारा जडान सिफारिस | १०० | |
| १५ | जिवित रहेको सिफारिस | १०० | |
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस, जन्ममिति,नाम थर संशोधन सिफारिस | २०० | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १७ | जग्गा मूल्याङ्कन सिफारिस वा प्रमाणित तथा आम्दानी प्रमाणित | वैदेशिक प्रयोजन प्रतिलाख रु.५० | |
| | | आन्तरिक प्रतिलाख रु.२५ | |
| १८ | व्यवसाय वन्द सिफारिस | ५०० | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ५०० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | |
| २१ | कोट फि मिनाहा सिफारिस | निशुल्क | |
| २२ | नावालक परिचय पत्र सिफारिस | निशुल्क | |
| २३ | चौपाय, पन्छी निकासी सम्वन्धि सिफारिस | ५०० | |
| २४ | व्यवसाय दर्ता सिफारिस | ५०० | |
| २५ | उद्योग ठाउँसरी सिफारिस | ५०० | |
| २६ | विद्यालय ठाउँसारी सिफारिस | १००० | |
| २७ | आन्तरिक बसाईंसराई सिफारिस | ५०० | |
| २८ | विद्यालय सञ्चालन स्वीकृति/कक्षावृद्धि सिफारिस/नविकरण | सरकारी ००००/१०००, | |
| | | निजी १००००/५०००/१००० | |
| २९ | व्यक्तिगत विवरण सिफारिस | ५०० | |
| ३० | जग्गा दर्ता सिफारिस | प्रति रोपनि रु.५० | |
| ३१ | संरक्षक सिफारिस(व्यक्तिगत) | २०० | |
| ३२ | संरक्षक सिफारिस(संस्थागत) | ५०० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | २०० | |
| ३४ | जिवित संगको नाता प्रमाणित | २०० | |
| ३५ | मृतक संगको नाता प्रमाणित | २०० | |
| ३६ | कोठा खोल्ने कार्य/रोहवरमा वस्ने कार्य | १००० | |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | निशुल्कः | |
| ३९ | संस्था दर्ता सिफारिस | १००० | |
| ४० | संस्था नवीकरण सिफारिस | ५०० | |
| ४१ | घरबाटो प्रमाणित | ५०० | |
| ४२ | चार किल्ला प्रमाणित | ५०० | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४३ | जन्म मिति प्रमाणित | ५०० | |
| ४४ | विवाह प्रमाणित | ५०० | |
| ४५ | घर पातल प्रमाणित | ५०० | |
| ४६ | कागज मन्जुरीनामा प्रमाणित | ५०० | |
| ४७ | हकवाला वा हकदार प्रमाणित | ५०० | |
| ४८ | अविवाहित प्रमाणित | १००० | |
| ४९ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | १००० | |
| ५० | जग्गाधनी पुर्जा हराएको सिफारिस | १०० | |
| ५१ | पूर्जामा घर कायम गर्ने सिफारिस | २०० | |
| ५२ | अंग्रेजी सिफारिस तथा प्रमाणित | रु. ५०० | |
| ५३ | मिलापत्र कागज/उजुरी दर्ता | निशुल्कः | |
| ५४ | कर तिरेको सिफारिस | १०० | |
| ५५ | जन्म दर्ता | निशुल्क | ३५ दिन काटेपछि रु २००। बिलम्ब शुल्क |
| ५६ | मृत्यु दर्ता | निशुल्क | |
| ५७ | बसाई सराई आउने/जाने दर्ता | निशुल्क | |
| ५८ | सम्बन्ध विच्छेद दर्ता | निशुल्क | |
| ५९ | विवाह दर्ता | निशुल्क | |
| ६० | ब्यक्तिगत घटना दर्ता प्रमाणपत्र प्रतिलिपि | ५०० | |
| ६१ | अन्य प्रमाण पत्र प्रतिलिपि | १००० | |
| ६२ | जलस्रोत उपभोक्ता समिति दर्ता/ नवीकरण | २०००/१००० | |
| ६३ | व्यवसाय दर्ता/नवीकरण सिफारिस | ५०० | |
| | उल्लेखित बाहेक अन्य स्थानिय आवश्यकता अनुसारका सिफारिस/प्रमाणित/ संशोधित | ५००, सिफारिस | |
| | | ५००, प्रमाणित | |
| | | ५००, संशोधित | |
| ६४ | रुख कटान आदेश सिफारिस प्रति रुख | ५० | |
| ६५ | घरेलु प्रयोग हुने ढुगां निकासी(प्रति घनमिटर कर) | प्रदेशले तोके बमोजिम | |
| ६६ | ढुङगा गिटी बालुवा | प्रदेशले तोकेबमोजिम | |
| ६७ | घरेलु ढुगां खानी दर्ता/नवीकरण सिफारिस | १०,०००/५००० | |
| ६८ | सर्जमिन मुचुल्का प्रमाणित | १००० | |
| ६९ | जग्गा प्लानिङ | प्रति रोपनि रु.५०० | |
| ७० | कन्सुलर प्रमाणित | ५०० प्रति ब्यक्तीगत घटना | |
| ७१ | माटो परिक्षण शुल्क | ५० | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ

| | | | |
|---|---|---|---|
| ७२ | गोवर परिक्षण शुल्क | २० | |
| ७३ | कुकुर बन्ध्याकरण भाले/पोथी | ३००/५०० | चिकित्सक शुल्क बाहेक |
| ७४ | घरपालुवा कुकुर/बिरालो दर्ता अभिलेखिकरण/नविकरण | २५०/१५० | |
| ७५ | पशु/पंक्षि पोष्टमार्टम शुल्क | १००/३० | |
| ७६ | बोका खसी पारेको /साडे सुमारेको | ५०/२५० | |
| ७७ | कृषक समूह दर्ता/नवीकरण | ५००/३०० | |
| ७८ | अनुदान मल बिक्रेता सुचीमा दर्ता/नवीकरण | ५००/३०० | |
| ७९ | **संघसस्था सिफारिस दस्तुर** | | |
| | रु ५० हजार सम्मको कारोवार गर्ने संस्थालाई | १०० | |
| | रु १ लाख सम्मको कारोवार गर्ने संस्थालाई | ३०० | |
| | रु ५ लाख सम्मको कारोवार गर्ने सस्थालाई | ५०० | |
| | रु ५ लाख भन्दा बढी कारोवार गर्ने सस्थालाई | ७०० | |
| ८० | जेष्ठ नागरिक संरक्षण सिफारिस दस्तुर | निःशुल्क | |
| ८१ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) तथा ६४ सँग सम्बन्धित यातायातका साधनहरुको शुल्क(पटके सवारी शुल्क) | प्रदेशले तोके बमोजिम | |
| ८२ | निर्माणाधिन सडक वा अन्य जुनसुकै जग्गाबाट उत्पादित गरिएको ढुङ्गा प्रति घन मिटर | प्रदेशले तोके बमोजिम | |
| ८३ | आफ्नो क्षेत्र भित्र विभिन्न पूर्वाधार उपयोग गरे वापत सामुदायिक बिद्युतीकरण उपयोग गर्ने घरधुरी बाट प्रति युनिट | ०।२५ पैसा | |
| ८४ | विभिन्न कोटहरुमा प्रति व्यक्ति प्रवेश शुल्क | ५ | |
| ८५ | लेनदेन कागज रोहवर/प्रमाणित<br>५ लाख सम्मको<br>५लाख १ देखि १० लाख सम्म<br>१० लाख १ देखि १५ लाख सम्म<br>१५ लाख १देखि २० लाख सम्म<br>२० लाख १ देखि माथि | <br>२००<br>५००<br>१०००<br>१५००<br>कारोवारको ०.५% | |
| ८६ | किसान परिचय पत्र शुल्क | २०० | |

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ८७ | मदिरा खरिद गरी ल्याउने गाडीलाई | २००० | |
| | जुवातास खेलेमा जरीवाना | ५००० | |
| | जुवातास खेलाएमा जरिवाना | १०००० | |
| | मादक पदार्थ सेवन गरी होहल्ला गरेमा | ५०० | |
| | मापदण्ड विपरित मदिरा राखी बेचविखन गर्ने पसललाइ<br>गैर कानुनि तरिकाले माछा मारेमा | १०००<br>५००० | |
| ८८ | रसिद प्रतिलिपि | १० | |
| ८९ | सबै प्रकारका वडा मुचुल्का | १००० | |

**स्वास्थ्य चौकि बाट संचालित lab परिक्षण शुल्क नेपाल सरकारले तोके बमोजिम हुनेछ।**

**घर नक्सा पास दस्तुर**

| क्र.सं. | विवरण | दर रु |
|---|---|---|
| १ | नक्सा पास निवेदन फारम दस्तुर | ७०० |
| २ | पक्की आर.सी.सी. भवन प्रति वर्गफिट दस्तुर (बसोबास) | ५ |
| ३ | पक्की आर.सी.सी. भवन प्रति वर्गफिट दस्तुर (ब्यावसायिक) | ६ |
| ४ | जस्तापाताको छाना भएको लोडबेरिङ भवन प्रति वर्गफिट दस्तुर (बसोबास) | २ |
| ५ | जस्तापाताको छाना भएको लोडबेरिङ भवन प्रति वर्गफिट दस्तुर (ब्यावसायिक) | ३ |
| ६ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क पक्की | ० |
| ७ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु पर्ने एकमुष्ट | ५०० |
| ८ | नक्सा नामसारी तथा नवीकरण वापत | ५०० |
| ९ | घर सम्पन्न/अभिलेखिकरण प्रमाणपत्र बापत प्रति बर्गफिट | ४ |

**कृषिजन्य उत्पादित बस्तुमा कुनै पनि किसिमको निकासी कर लिइने छैन ।**

**अनुसूचि १२**

**(दफा १२ सँग सम्वन्धित )**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्कको दर माथि उल्लेखित बाहेक बाँकी पर्यटन शुल्क प्रदेशले निर्धारण गरे बमोजिम हुनेछ ।

अर्जुन प्रसाद न्यौपाने
उपाध्यक्ष

विरवल तामाङ
अध्यक्ष